चन्द्रकोट गाउँपालिका

कार्यपालिका बैठकमिति :२०८२/०५/२०

बैठक संख्या : पहिलो(२०८२/०८३)

आज मिति २०८२ साल भाद्र २० गते शुक्रवारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक वसी तपसिल बमोजिमका प्रस्ताबहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

**उपस्थिति**

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा, वडाअध्यक्ष/ प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा, वडाअध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडाअध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा, वडाअध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा, वडाअध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा, वडाअध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा, वडाअध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा, वडाअध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री बिष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्षिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री बुद्ध प्रकाश पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासन अधिकृत | |
| १९. | श्री यशोदा रिजाल | लेखा अधिकृत | |
| २० | श्री तपन सिंह ठकुरी | शिक्षा अधिकृत | |

२१. श्री प्रकाश चन्द्र शर्मा — स्वास्थ्य अधिकृत

२२. श्री दिपक गौतम — जिन्सी शाखा प्रमुख

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०५/२०
बैठक संख्या : पहिलो(२०८२/०८३)

प्रस्तावहरु

१. समिक्षा सम्बन्धमा।
२. बजेट कार्यान्वयन सम्बन्धमा।
३. प्रशासकीय भवनको म्यादथप सम्बन्धमा।
४. करार तथा दैनिक ज्यालादारी कर्मचारी सम्बन्धमा।
५. माग आकृति पठाउने सम्बन्धमा।
६. कवडी सामाग्रीको ठेक्का बन्दोबस्त सम्बन्धमा।
७. विविध
   क. कर्मचारी व्यवस्थापन सम्बन्धमा।
   ख. विद्यालय अनुदान सम्बन्धमा।
   ग. सेनेटरी प्याडको भुक्तानी दिने सम्बन्धमा।
   घ. आधारभूत अस्पताल संचालन र व्यवस्थापन सम्बन्धमा।
   ङ. मदरसा संचालन सम्बन्धमा।
   च. मेडिकल अफिसरका लागि प्रोत्साहन रकम सम्बन्धमा।
   छ. खाजा खर्च सम्बन्धमा।
   ज. विद्यालय संचालन सम्बन्धमा।
   झ. इलाका प्रशासन कार्यालयको स्थापनाका लागि माग गर्ने सम्बन्धमा।
   ञ. विभिन्न दिवस मनाउने सम्बन्धमा।
   ट. भ्रमण स्वीकृति सम्बन्धमा।
   ठ. स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा।
   ड. अनुमोदन गर्ने सम्बन्धमा।

निर्णयहरु

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस पालिकाको आ.व. २०८१/०८२ मा भएका सम्पूर्ण क्रियाकलापहरुको सम्बन्धमा समिक्षा गरीयो। साथै पालिकाबाट गर्ने वडा तथा पालिकास्तरीय बार्षिक प्रगती समिक्षा गोष्ठी २०८२ भाद्र २२ र २३ गते विहान ११ बजेदेखि गर्ने।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिकाको चालु आर्थिक बर्ष २०८२/०८३ को बार्षिक स्वीकृत योजना तथा बजेट कार्यान्वयनका सम्बन्धमा देहाय अनुसार गर्ने।
देहाय

क) वडाबाट विनियोजित बजेट कार्यान्वयनका सम्बन्धमा सकेसम्म एकै प्रकृतिका एकै भुगोल समेटिने योजनाहरुलाई एकीकृत योजना संचालन गर्ने।

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०५/२०
बैठक संख्या : पहिलो(२०८२/०८३)

ख) कुनैपनि कार्यक्रम कार्यान्वयन गर्नुपूर्व अनिवार्य रुपमा कार्यालयबाट प्रस्तावना स्वीकृत गराई कार्यदिश प्राप्त पश्चात् प्रस्तावनामा आधारित रहेर कार्यक्रम संचालन गर्ने। भुक्तानीको लागि कार्यक्रम सम्पन्न भएको मितिले ३० दिनभित्र भुक्तानीका लागि अनिवार्य रुपमा पेश गर्ने।

ग) वडाबाट संचालन हुने योजनाहरु मध्ये उपभोक्ता समितिबाट गर्ने र ठेक्का प्रकृयाबाट गर्ने योजनाहरु वडाले छुट्याई २०८२ असोज मसान्तभित्र कार्यालय समक्ष ठेक्का गर्ने योजनाहरुलाई आवश्यक प्रकृयार्थ लेखि पठाउने तथा कुनैपनि योजनाहरु पालिकाले ठेक्का प्रकृयाबाट गर्न आवश्यक देखेमा सोही अनुसार गर्ने।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिकाको स्वीकृत बहुबर्षिय योजना प्रशासकीय भवन निर्माण (CRM-GUL-NCB-W-01-078-79 construction of Rural Municipality Building, Chandrakot Rural Municipality-4, Shantiput, Gulmi ) का लागि मिति २०७८/०९/११ मा स्वच्छन्द सुसन लर्ड बुद्ध जे.भी. ललितपुर नेपाल संग मिति २०८१/०५/११ सम्म कार्य सम्पन्न गर्ने गरी ठेक्का संझौता भएकोमा विविध कारणबाट हाल सम्म पनि निर्माण कार्य जारी भएको अवस्थामा संझौताको समयमावधिभित्र कार्य सम्पन्न गर्न नसकिने हुँदा ६ महिनाको म्याद थपको लागि सम्बन्धित निर्माण व्यवसायीले निवेदन पेश गरेको सन्दर्भमा यस कार्यपालिकाको दशौं (२०८१/०८२) बैठकको निर्णयानुसार उक्त योजनाको लागि ठेक्का संझौताको अन्तिम मितिदेखि लागु हुनेगरी २०८२/०५/११ गतेसम्मका लागि म्याद थप भएकोमा उक्त योजना सम्पन्न गर्न कठिनाई भएको भनि निर्माण व्यवसायिले मिति २०८२/०४/२० गते आवश्यक कागजात सहित पेश गरेको निवेदन अनुसार उल्लेखित योजनाको म्याद २०८२/११/२२ गतेसम्मका लागि थप गरी सोहि अनुसार पत्राचार गर्ने। साथै यस भवनका लागि आवश्यक पार्किङ्ग क्षेत्र, बाटो लगायतका कामको लागि अध्ययन गर्न ४ नं. वडाध्यक्षको संयोजकत्वमा पूर्वाधार शाखा प्रमुख र योजना शाखा प्रमुख सदस्य रहनेगरी एक कार्यदल गठन गर्ने।

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस चन्द्रकोट गाउँपालिकामा कार्यरत करार (कार्यक्रम र दरवन्दी बाहेक) सेवामा कार्यरत कर्मचारीहरुको म्याद थपका लागि निवेदन प्राप्त भएको सन्दर्भमा हाल यस गाउँपालिकाको संगठनात्मक व्यवस्थापन सर्भेक्षण अध्याबधिक गर्ने कार्य सुरु भएको सन्दर्भमा हाललाई वडा कार्यालयहरुमा वडा सचिवको नियमितता समेत नभएको सन्दर्भमा वडा तथा पालिका एवम् स्वास्थ्य संस्थाहरुको आवश्यक दरबन्दी पूरा नभएकोमा दैनिक कार्य संचालन एवम् सेवा प्रवाहका लागि कर्मचारी तथा स्वास्थ्यकर्मी आवश्यकता भएको कारण हाललाई करार कर्मचारीको म्याद २०८२ श्रावण १ गतेदेखि लागु हुनेगरी ६ (छ) महिनाको लागि थप गर्ने। तथा पालिकाको दैनिक ज्यालादारीमा रहने गरी हाल सम्म कार्यसंचालन गर्दै आएका कर संकलकहरुको भने हाल राजश्व संकलन प्रकृया पूर्ण सफ्टवेयर प्रणालिमा आवद्ध भैसकेको सन्दर्भमा दैनिक

बुद्ध प्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

ज्यालादारीमा रहने कर संकलक पछि आवश्यक भएमा पुन राख्न सक्नेगरी मिति २०८२ असोज १९ गतेदेखि लागु हुनेगरी हाललाई खारेज गर्ने। लामो समयदेखि कर संकलकको जिम्मेवारीमा रहनुभएका कर्मचारीहरुलाई धन्यवाद सहित विदाई गर्ने।

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा प्रदेश लोकसेवा आयोग लुम्बिनीबाट माग भए बमोजिम कार्यालयले तयार गरेको रिक्त पदको विवरण सहितको माग आकृति फारम स्वीकृत गरी प्रदेश लोकसेवा आयोग समक्ष पठाउने।

६. प्रस्तावनं. ६ उपर छलफल गर्दा आ.व. २०८२/०८३ का लागि चन्द्रकोट गाउँपालिकामा उत्पन्न हुने कवाडीजन्य सामाग्रीको संकलन र विक्रि वितरणका लागि रु ३ लाख न्युनतम मुल्य (भ्याट बाहेकको) रहने गरि सार्वजनिक खरिद नियमावली अनुसार १५ दिने शिलबन्दी दरभाउपत्र आह्वान गर्ने।

७. प्रस्ताव नं. ७ विविध उपर छलफल गर्दा देहाय बमोजिमका निर्णयहरु गरियो।

क. चन्द्रकोट गाउँपालिका गुल्मीको वडा नं. ७ मा वडा सचिवको लागि यस कार्यालयमा रहेका सहायक कम्पयूट अधिकृत सुमित्रा भण्डारी, वडा नं. ३ को वडा सचिवका लागि हाल सोहि वडामा कार्यरत कृषि प्राविधिक अम्मरराज रेग्मी, तथा वडा नं. १ मा कार्यरत जीवन पुन मगर र वडा नं. ६ मा कार्यरत कल्पना केसीलाई पूर्ण रुपमा वडा सचिवमै रहने गरी जिम्मेवारी दिने।

ख. चन्द्रकोट गाउँपालिकाबाट प्रदान हुने विद्यालय शिक्षण अनुदान कार्यक्रमका लागि तोकिएको मापदण्ड अनुरुप वितरण गर्ने तथा सो मापदण्ड भन्दा बाहिर रहेको तर अनुदान शीर्षकमा रकम विनियोजित भएको भए शिक्षण सुधार कार्यक्रमका लागि प्रदान गर्ने।

ग. चन्द्रकोट गाउँपालिका गुल्मीको आर्थिक बर्ष २०८१/०८२ मा खरिद गरिएको सनेटरी प्याडको गुणस्तरमा विषयमा नेपाल गुणस्तर तथा नापतौल विभागमा परिक्षणका लागि पठाईएकोमा ताहाँबाट प्राप्त प्रतिवेदनले तोकिएको मापदण्ड भित्र रहेको भनि उल्लेख गरेको रिपोर्ट प्राप्त भएकोले सो को चालु आर्थिक बर्षको सम्बन्धित शीर्षकबाट भुक्तानी हुने व्यवस्था मिलाउने।

घ. यस चन्द्रकोट गाउँपालिकामा रहेको १५ शैय्याको आधारभूत अस्पताल शान्तिपुर आस्पतालको स्तरोन्नति रहेको भएता पनि उक्त संस्थाको नाम चन्द्रकोट अस्पताल शान्तिपुर

प्रद्युम्न प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमु

चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

गुल्मी कायम गरी सम्बन्धित निकायमा आवश्यक कार्यार्थ पठाउने र शान्तिपुर अस्पतालको नाममा नाप नक्सा रहेको उक्त भवनलाई चन्द्रकोट अस्पतालका नाममा नामसारी गर्न आवश्यक प्रकृया मिलाउने। साथै यसको संचालनका लागि यस अघिको कार्यपालिकाको निर्णय बमोजिम शान्तिपुर र हरेवा स्वास्थ्य चौकीबाट नियमित कार्य अबरुद्ध नहुने गरी समित स्वास्थ्यकर्मीहरु मात्र राखि बाँकी स्वास्थ्यकर्मी र कर्मचारीहरु खटन पटन गर्ने र अन्य स्वास्थ्य संस्थाहरुबाट आवश्यक जनशक्तिको समेत व्यवस्थापन गरी संचालन गर्ने। यस अस्पतालमा विरामीहरुको आवत जावतका लागि १ वटा अटोरिक्सा को व्यवस्थापन गर्ने। यस अस्पतालको सबै कार्य गर्नका लागि इन्चार्जका रुपमा स्वास्थ्य शाखा प्रमुख प्रकाश चन्द्र शर्मालाई तोक्ने र शाखा प्रमुख समेत निज शर्मा नै रहने गरी शाखाको सबै क्रियाकलाप संचालन सहित सबै स्वास्थ्य संस्थाहरुको नियमन रेखदेखका लागि जनस्वास्थ्य निरिक्षक सन्तोष पुनलाई खटन पटन गर्ने। यसका साथै चन्द्रकोट गाउँपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरुको अध्ययन गरी यथार्थ अवस्थाको जानकारी लिन सामाजिक विकास समिति संयोजक फणिन्द्रराज अर्यालयको संयोजकत्वमा जनस्वास्थ्य निरिक्षक सन्तोष पुन र थप १ जना कर्मचारी/स्वास्थ्यकर्मी रहने गरी ३ सदस्यिय अध्ययन कार्यदल गठन गर्ने।

ङ. चन्द्रकोट गाउँपालिका वडा नं. ४ मा रहेको मदरसा संचालनका लागि पटक पटक लिखित तथा मौखिक निवेदन कार्यालय समक्ष प्राप्त भएको सन्दर्भमा हाललाई कक्षा संचालन नभई हरेक शुक्रबार ममाज पढ्न मिल्नेगरी मस्जिद संचालनको अनुमति प्रदान गर्ने र यस भन्दा अगाडि सरोकारवाला सबैको संयुक्त बैठक गरी ठोस निर्णय तथा प्रतिवद्धता लिने।

च. यस चन्द्रकोट गाउँपालिका गुल्मीको लागि मेडिकल अधिकृत आठौं तहको विज्ञापन प्रकाशित भैसकेको र पदपूर्तिको अन्तिम प्रकृयामा रहेको सन्दर्भमा सिफारिस हुने मेडिकल अधिकृतलाई १५ शैय्याको चन्द्रकोट अस्पतालमा खटाउने साथै स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशबाट खटिई आउने मेडिकल अधिकृतलाई समेत उक्त अस्पतालमै खटन पटन गर्ने गरी अस्पताल २४ सै घण्टा संचालनको व्यवस्था मिलाउने। यसरी संचालन गर्दा मेडिकल अधिकृतको मनोबल उच्च राख्नका लागि तलव भत्ताका अतिरिक्त दुबैजनालाई मासिक खाईपाई आउने तलवको ४० प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने।

छ. यस पालिकाको चालु आर्थिक बर्षको विनियोजित बजेट अन्तर्गत वडा तर्फको बजेटमा खाजा खर्च/अतिथि सत्कार शीर्षकमा भएको विनियोजित रकमलाई वडा समिति तथा अन्य बैठक बसेको दिनको बैठकमा उपस्थित संख्याको आधारमा भुक्तानी दिने र वडा समिति तथा अन्य

प्रमुख प्रशासकीय अधिकृत

बैठकको भुक्तानीका लागि अर्को महिनाको १० गतेभित्र सम्बन्धित वडाले कार्यालय समक्ष पेश गर्ने अन्यथा कार्यालय भुक्तानी दिन बाध्य नहुने।

ज. यस चन्द्रकोट गाउँपालिका वडा नं. ८ मा रहेको पोलारिस आवासिय माध्यमिक विद्यालय मा माध्यमिक कक्षा ९-१० संचालनका लागि पटक पटक भएको छलफल पश्चात् हाललाई उक्त शैक्षिक संस्थामा रहेका विषयगत जनशक्ति विवरण र योग्यता सम्बन्धि विवरण माग गरी सो को यथेष्ट व्यवस्था भएमा हाललाई संचालन गर्न अनुमति प्रदान गर्ने।

झ. यस गाउँपालिका अन्तर्गत वडा नं. ८ तुराङ्गमा रहेको मजुवा क्षेत्रमा इलाका प्रशासन कार्यालय स्थापनाका लागि सिफारिस गर्न मिति २०८२/०५/१९ गते मालपोत कार्यालय र नापी कार्यालय मजुवाको सेवाक्षेत्रभित्र पर्ने स्थानीय तहका प्रमुख, उपप्रमुख, वडाध्यक्ष लगायत जनप्रतिनिधिहरु तथा जिल्ला एवम् पालिका स्तरीय राजनितिक दल, नागरिक समाज तथा सरोकारवालाहरू बिचको बैठकले ले मजुवा बजारमा इलाका प्रशासन कार्यालय स्थापनाका लागि सबै मापदण्ड पुगेको, आवश्यक पूर्वाधार समेत तयार रहेको र स्थानीय आवश्यकता समेत भएकाले आवश्यक निर्णयहुन जिल्ला सुरक्षा समिति मार्फत गृह मन्त्रालय समक्ष सिफारिस गर्ने निर्णय गरेको हुँदा जिल्ला सुरक्षा समितिको बैठक राखि इलाका प्रशासन कार्यालय मजुवामा स्थापना गर्न गृह मन्त्रालय समक्ष सिफारिसका लागि आवश्यक पत्राचार गरिसकिएको सन्दर्भमा उक्त स्थानमा आवश्यक इलाका प्रशासन कार्यालय स्थापनाका लागि पालिकाले थप पहल कदमी लिने। साथै उक्त भेलाले मुसिकोट नगरपालिकाको केन्द्र वामीटक्सारमा रहेको प्रहरी चौकी र चन्द्रकोट गाउँपालिकाको केन्द्र शान्तिपुरमा रहेको ईलाका प्रहरी कार्यालय चन्द्रकोटको स्तरवृद्धि गरि प्रहरी निरिक्षक सहितको दरवन्दी कायमका लागि आवश्यक निर्णय हुन जिल्ला सुरक्षा समिति मार्फत गृह मन्त्रालयमा पठाउने निर्णय समेत गरेको हुँदा सो लागि समेत आवश्यक समन्वय गर्ने।

ञ. यस बर्षको बाल दिवस भदौ २९ गते, शिक्षा दिवस असोज २ गते तथा संविधान दिवस असोज ३ गते यस गाउँपालिकामा विविध कार्यक्रम गरी मनाउने।

ट. यस चन्द्रकोट गाउँपालिका अध्यक्ष युवराज खत्री क्षत्री Lumbini Signing *Ceremony* Program 21-25 November 2025, का लागि अष्ट्रेलिया जाने कार्यक्रम तय भएकाले अध्यक्षज्यूको कार्यक्रम सफलताको कामना सहित भ्रमण स्वीकृत गर्ने।

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८२/०५/२०
बैठक संख्या : पहिलो(२०८२/०८३)

ठ. चन्द्रकोट गाउँपालिका गुल्मीमा रहेको गठित दररेट निर्धारण समितिको मिति २०८२/०३/३० गतेको बैठकको निर्णयानुसार कार्यपालिका समक्ष पेश हुन आएको चन्द्रकोट गाउँपालिका गुल्मीको आर्थिक बर्ष २०८२/०८३ को स्थानीय दररेट सोही बमोजिम हुनेगरी स्वीकृत गर्ने।

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकीय अधिकृत